सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# २०८० वैशाख १ गतेदेखि २०८० असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


प्रकाशक

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्वरुप र प्रकृति

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्थापना राष्ट्रिय लोकमार्ग, राष्ट्रिय रेलमार्ग, जलमार्ग लगायत देशका प्रमुख भौतिक पूर्वाधारहरुको विकास गर्ने उद्देश्यले भएको हो। यस मन्त्रालयले राष्ट्रिय यातायात विकास र सडक सुरक्षा सम्बन्धी काम पनि गर्दछ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नेपाल सरकारको एक महत्वपूर्ण मन्त्रालय हो । यस मन्त्रालयले देशका विभिन्न भौगोलिक क्षेत्रहरुलाई राष्ट्रिय यातायात सञ्जाल मार्फत जोडेर देशको आर्थिक र सामाजिक विकासलाई अभिवृद्धि गर्ने जिम्मेवारी लिएको छ। यस मन्त्रालयले राष्ट्रिय यातायात, राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो, राष्ट्रिय लोकमार्ग, जलमार्ग, फ्लाईओभर जस्ता भौतिक पूर्वाधारहरूको विकाससम्बन्धी योजना, नीति तथा कार्यक्रम तयार गर्नु, र यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निरीक्षण जस्ता कार्यहरु गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ।

यस मन्त्रालयले वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्द्धन गर्नुका साथै सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने काम पनि गर्दछ । यस मन्त्रालय अन्तरगत विभिन्न महाशाखा, शाखा, विभाग र कार्यालयहरु रहेका छन् ।

<u>यस मन्त्रालयका महाशाखाहरु :</u>

१. प्रशासन महाशाखा
२. योजना, अनुगमन तथा मूल्यांकन महाशाखा
३. पूर्वाधार निर्माण तथा यातायात महाशाखा
४. विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा

<u>यस मन्त्रालय अन्तर्गतका विभागहरु :</u>

१. सडक विभाग
२. यातायात व्यवस्था विभाग
३. रेलवे विभाग
४. नेपाल पानी जहाज कार्यालय

## ख) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ वमोजिम यस मन्त्रालयलाई देहायका कार्यहरु गर्नेगरी कार्यक्षेत्र निर्धारण गरिएको छः

- राष्ट्रिय यातायात विकास र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ।
- राष्ट्रिय यातायात पूर्वाधार सञ्जाल र अन्तरप्रादेशिक यातायात विकासको अन्तरसम्बन्ध ।

- वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद जोखिम संवेदनशील यातायात प्रविधिको प्रवेद्धन ।
- राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो लगायत रेल प्रणाली, रेल सुरक्षा प्रणाली सम्बन्धी नीति, कानून र मापदण्ड ।
- राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन ।
- रेलसेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन ।
- राष्ट्रिय लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ।
- राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजना पहिचान, अध्ययन, निर्माण, मर्मत सम्भार, महसुल र व्यवस्थापन ।
- राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुँच विन्दु र सडक सीमाक्षेत्रको व्यवस्थापन र नियमन ।
- राष्ट्रिय लोकमार्ग सम्बन्धी तथ्यांक संकलन, अभिलेखीकरण र सूचना प्रवाह ।
- सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान ।
- सडक तथा अन्य वैकल्पिक यातायात प्रविधि, लगानी र अन्तर्देशीय यात्रुवाहक यातायात सेवा सञ्चालन ।
- राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्वजनिक यातायातको रुट अनुमति, भाडा निर्धारण र नियमन ।
- सवारीसाधनहरुको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा विस्थापन ।
- सडक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन ।
- जलमार्ग लगायत वैकल्पिक यातायात सम्बन्धी नीति, कानून र मापदण्ड ।
- राष्ट्रिय महत्वका वैकल्पिक यातायात आयोजना पहिचान, अध्ययन र विकास ।
- आधारभूत यातायात नीति र मापदण्ड ।
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय ।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको हाइवे र रेल्वे उपसमूहको सञ्चालन ।

**ग) मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्यविवरण**

१) कर्मचारी संख्या

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | कुल दरबन्दी |
|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | | | १ |
| २. | सहसचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| ३. | सहसचिव | रा.प. प्रथम | इन्जिनियरिङ | हाइवे | ३ |
| ४. | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सामान्य प्रशासन | ५ |
| ५. | उपसचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | १ |
| ६. | उपसचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ |
| ७. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ | हाइवे | ५ |
| ८. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ | मेकानिकल | १ |
| ९. | वरिष्ठ समाजशास्त्री | रा.प. द्वितीय | विविध | विविध | १ |
| १०. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ७ |
| ११. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| १२. | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ |
| १३. | ईन्जिनियर | रा.प. तृतीय | इन्जिनियरिङ | हाइवे | ५ |
| १४. | ईन्जिनियर | रा.प. तृतीय | इन्जिनियरिङ | मेकानिकल | १ |
| १५. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | विविध | १ |
| १६. | कम्प्युटर ईन्जिनियर | रा.प. तृतीय | विविध | विविध | १ |
| १७. | समाजशास्त्री | रा.प. तृतीय | विविध | विविध | १ |
| १८. | नायब सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | ७ |
| १९. | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | २ |
| २०. | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | विविध | २ |
| २१. | खरिदार | रा.प. अनं. द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| २२. | ह.स.चा. | श्रेणी विहीन | | | ८ |
| २३. | कार्यालय सहयोगी | श्रेणी विहीन | | | १७ |

२) भौतिक पूर्वधार तथा यातायात मन्त्रालयका शाखाहरुको कार्यविवरण

१. प्रशासन महाशाखा

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- मन्त्रालय तथा अन्तर्गत सबै निकायहरुमा काम सुचारु रुपले संचालन गर्न संगठनात्मक स्वरुप तथा कार्य प्रक्रिया सम्बन्धी अध्ययन विश्लेषण गरी नीतिगतरुपमा राय पेश गरी स्वीकृत भई आए बमोजिमको व्यवस्था गर्ने
- मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुमा आवश्यक जनशक्तिको व्यवस्थाको क्रममा दरवन्दी सृजना, रिक्त पद पूर्ती सम्वन्धमा पेश गर्ने ।
- मन्त्रालयको प्रचलित ऐन नियम नीति अध्ययन गरी संशोधन परिमार्जन गर्नु पर्ने भएमा राय साथ पेश गर्ने।
- मन्त्रालय र अन्तर्गत निकायहरुका कर्मचारीहरु कर्मचारी प्रशासन सम्वन्धी पेश भएका फाइलहरुमा राय सहित सचिव समक्ष पेश गर्ने र निर्णयानुसार कार्यहरु सम्पादन गर्ने गरउने ।
- मन्त्रालयको लागि वजेट माग गर्ने, केन्द्रिय तथा कार्य संचालन स्तरको लेखा संचालन र लेखा परीक्षणको व्यंवस्था गर्न लगाउने ।
- विभिन्न मन्त्रालय, विभाग तथा कार्यलयहरुबाट मागिएको परामर्शमा राय दिने वा आवश्यकता अनुसार राय सहित पेश गरी निर्णयानुसार जानकारी दिने व्यवस्था मिलाउने ।
- मन्त्रालयलाई आवश्यक वजेट भौतिक सामाग्री र जनशक्तिको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
- महाशाखा बीच समन्वय कायम गर्ने र शाखा महाशाखाबाट भइरहेको कामहरुको समन्वय र सुपरीवेक्षण गर्ने/गराउने ।
- अधिनस्थ कार्यको प्रगती विवरण तयार गराई आवश्यक निर्देशन दिने र सचिव समक्ष राय सहित पेश गर्ने ।
- स्वदेशी तथा बिदेशी तालिम सम्बन्धी मनोनयनमा छात्र बृति वितरण आदी पेश भएका विषयहरुमा प्रचलित ऐन नियम, परिपत्र र कायम भएको नीति बमोजिम गर्ने गराउने ।
- बेरुजु फछ्र्यौट गतिबिधि सम्बन्धमा रेखदेख गरी आवश्यक निर्देशन दिने ।
- तोकिए बमोजिमको रकमान्तर खर्चको स्वीकृती, ठेक्का पट्टा सदर बदर तथा लिलाममा बिक्रि र मिनाह सम्बन्धी कार्यहरु गर्ने ।
- स्टोर निरीक्षण गराउने र प्राप्त प्रतिवेदन अनुरुप आवश्यक कारवाही गराउने ।
- आफ्नो महाशाखा अन्तर्गतका विषयमा मन्त्रिपरिषद्‌मा पेश हुने प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने ।
- भौतिक सामाग्री, भवन, सवारी साधन आदीको संरक्षण, संभार, मर्मत आदी विषयमा रेखदेख नियन्त्रण समन्वय गर्ने ।
- अधिनस्थ कर्मचारीको काममा मार्ग दर्शक भुमिका निर्वाह गरी कर्मचारिहरुको सुपरीवेक्षण र आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने

क) आन्तरिक व्यवस्थापन शाखाः

- कर्मचारीहरुको आन्तरिक खटन पटन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालयको लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन गर्ने ।
- मन्त्रालयको लागि आवष्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामनहरुको खरिद, भण्डारण, आपुर्ती मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रिको व्यवस्था गर्ने ।
- मन्त्रालयको सुरक्षा तथा सरसफाइको प्रवन्ध गर्ने ।
- मन्त्रालय र अन्तर्गत निकायबाट संचालित आयोजनाहरुको अस्थायी/अस्थायीः स्थायी र विकास तर्फको दरवन्दी सृजना समबन्धी कार्यगर्ने ।
- कर्मचारी बैठक आयोजना गर्ने र सोको निर्णय कार्यान्वयन गर्ने/गराउने ।
- कर्मचारीहरुको पुरस्कार र दण्ड समबन्धी कार्य गर्ने/गराउने ।
- उजुरी सम्बन्धी कार्यहरू गर्ने ।
- सम्पती विवरण सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको सबै कर्मचारीहरु र यस मन्त्रालय अन्तर्गतका रा.प. अधिकृतहरुको कार्य संपादन मूल्यांकन सम्बन्धी कार्य गर्ने ।

ख) कर्मचारी प्रशासन शाखाः

- मन्त्रालय वा अन्तर्गत कार्यलयहरुको आवश्यक जनशक्तिको संख्या निर्धारण गरी नपुग भएमा पद प्रकृया पूरा गरी निर्णय बमोजिम सम्बन्धित निकायहरुमा सहमतिको लागि लेखि पठाउने ।
- नेपाल सरकारको निर्णय वमोजिम स्वीकृत दरवन्दीहरु निजामती कितावखानामा दर्ता गराउने ।
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको पद पूर्तिको लागि सम्बन्धित निकायमा माग गर्ने र पद पूर्तिको लागि नियमानुसार छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन गर्न कारवाही चलाई स्वीकृति बमोजिम कारवाही गर्ने ।
- मन्त्रालय अन्तर्गत कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, तालिम, पुरस्कार, राजिनामा वा अन्य कर्मचारी प्रशासन सम्वन्धी पेश भएका विषयहरुको आधिकारिक राय सहित पेश गरी निर्णय वमोजिमको कार्य गर्ने/गराउने ।
- आवश्यक अनुसार विभागीय कारवाही सम्बन्धी कारवाही शुरु गर्ने र निर्णयानुसार कारवाही गर्ने वा सम्वन्धित निकायमा लेखी पठाउने ।
- मन्त्रालय वा अन्तर्गतका पदाधिकारूहरुलाई निमित्त, कायम मुकाम, काज सम्बन्धी कारवाही गरी निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाउने ।
- मन्त्रालयको राजपत्राङ्कित तथा राजपत्र अनङ्कित समपूर्ण कर्मचारीहरुको विवरण तथा दरवन्दी अभिलेख अद्यावधिक राख्ने ।

- मन्त्रालयका कर्मचारी सरुवा भइ अन्यत्र कार्यालयमा गएमा व्यक्तिगत फाईल सम्वन्धित कार्यलयमा पठाउने व्यवस्था गर्ने ।
- मन्त्रालय वा अन्तर्गत कार्यालयका कर्मचारीहरुको हाजिरी, गयल, विदा रेकर्डको अभिलेख अद्यावधिक राख्न लगाउने ।
- अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने ।
- बिदेशी छात्रवृति र अध्ययन भ्रमणका लागि उमेदवार छनौट गर्ने निर्णयार्थ पेश गर्ने ।
- बिदेशमा अध्ययन वा तालिममा जाने, फर्कने व्यक्तिहरुको विवरणहरु दुरुस्त राख्ने, राख्न लगाउने ।

ग) आर्थिक प्रशासन शाखा:

- मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयार गरी पेश गर्ने ।
- अख्तियारी बाँडफाँड सम्वन्धमा पेश गर्ने ।
- स्वीकृत बिनियोजना बमोजिम बजेट खर्चका लागि पेश गर्ने ।
- धरौटी राजश्व सम्बन्धी विवरण अद्यावधिक राख्ने ।
- केन्द्रिय लेखा तयार गर्ने ।
- लेखा परीक्षण गराउने ।
- मातहत निकायको आर्थिक प्रशासन सम्बन्धी कार्यको अनुगमन गर्ने ।
- बेरुजुको अभिलेख राख्ने र बेरुजु फछ्यौंट सम्बन्धी कार्य गर्ने ।
- शाखासँग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने ।

घ) कानून तथा फैसला कार्यान्यिवन शाखा:

- ऐन, नियम, गठन आदेश, बिनियमको मस्यौदा गर्ने, मस्यौदा परिमार्जन गर्ने र आवश्यक कार्यको लागि अघि बढाउने ।
- विभिन्न विषयमा मन्त्रालय र अन्तर्गत बिभाग, कार्यालयलाई आवश्यक कानुनी राय परामर्श दिने ।
- मन्त्रालयको तर्फबाट लिखित जवाफको मस्यौदा एवं प्रतिउत्तर तयार गर्ने ।
- कानुनी प्रतिरक्षाको कारवाही गर्ने ।
- मन्त्रालयको तर्फबाट गरिने बार्ता, संझौता आदीमा सहभागी हुने, बार्ताका बुँदा तयार गर्ने, संझौताको मस्यौदा मरिमार्जन गर्ने ।
- मन्त्रालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशन गरिने सूचनाहरुको मस्यौदा तयार गरी परिमार्जन सहित सम्पादनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।
- सम्पादित सूचनाहरु प्रकाशनका लागि मुद्रण विभागमा पठाउने ।
- अदालबाट भएका फैसला कार्यान्वयन संवन्धी कार्य गर्ने ।

२. विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा :

७

- बैदेशिक ऋण, अनुदान सहयोग बाट संचालन हुने आयोजनाहरुको योजना तर्जुमा, सम्भाव्यता अध्ययन, तालिम तथा कार्यन्वयनका विभिन्न पक्षमा सम्बन्धित निकाय तथा महाशाखाहरुबाट राय परामर्श प्राप्त गर्ने, विदेशी प्रतिनिधिहरु संग सम्पर्क तथा समन्वय गर्ने र सचिवज्यूमा राय पेश गर्ने र निर्देशानुसार MOU सम्वन्धी कार्य गर्ने तथा अन्य महाशाखा तथा बैदेशिक संस्थाहरु संग समन्वय र लेखापढि गर्ने ।
- विभिन्न चालु आयोजनाहरु तथा पुरा भइसकेका आयोजनाहरु समेतको तेस्रो पक्षीय परीक्षण (Third Party Audit) नियमित रुपमा गर्ने गराउने र प्राबिधिक पक्ष र लगानीको प्रभावकारिता पक्ष लगायत समष्टिगत गुणस्तर बारे Feedback एवं सुधारका कारवाहिहरुमा ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने तथा निर्देशानुसार कारवाही गर्ने ।
- सार्वजनिक निर्माण निर्देशिका (Public Works Directive) तयार गर्ने र नियमित रुपमा प्रकाशन तथा वितरण गर्ने/गराउने ।
- निर्माण व्यवसाय बिकास परिषद् र कार्यान्वयन समिति सम्वन्धी काम गर्ने र निर्माण ब्यवसायी विकास ऐन बमोजिमका कामहरु गर्ने/गराउने ।
- मन्त्रालय अन्तर्गतका सार्वजनिक पूर्वाधार संरचनाहरुको निर्माण संचालन तथा हस्तान्तरण प्रक्रियामा निजि क्षेत्रलाई संलग्न गराउने सम्बन्धी सचिवालयहरुको स्थापना तथा सुदृढीकरण गर्ने, योजना पहिचान तथा अध्ययन गर्ने/गराउने र नेपाल सरकारको स्वीकृत नीति बमोजिमका काम कारवाही गर्न मन्त्रालयको Focal Point को रुपमा काम गर्ने। सार्वजनिक निर्माण कार्यको गुणस्तर तथा पुर्वाधार संरचना सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने/गराउने तथा मापदण्ड निर्धारण सम्बन्धी गर्ने/गराउने ।
- सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- उपरोक्त बाहेक बैदेशिक सहयोग तथा ऋण संग सम्बन्धित सबै पक्षमा यस मन्त्रालयको नीति निर्देशन अनुसार अर्थ मन्त्रालय संग सम्बन्धित कार्यमा सम्पर्क महाशाखाको हैसियतले कार्य गर्ने/गराउने ।

<u>क) विकास सहायता समन्वय तथा गुणस्तर शाखाः</u>

- मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा संचालन हुने आयोजना सम्वन्धी नीति निर्धारण सम्बन्धी कार्य गर्ने ।
- बैदेशिक सहयोगमा संचालन हुने आयोजनाहरुको पहिचान सम्बन्धी कार्य गर्ने ।
- सार्वजनिक निजी लगानी सम्बन्धी नीति योजना सम्बन्धी कार्य गर्ने ।
- निर्माण कार्यको गुणस्तर तथा मापदण्ड निर्धारण र अनुसन्धान गर्ने/गराउने ।

<u>ख)</u> निर्माण व्यवसाय प्रवर्द्धन शाखाः

- निर्माण व्यवसाय इजाजत पत्र दर्ता सम्बन्धमा सम्बन्धित निकायमा पेश गर्ने ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

- इजाजत पत्र नविकरण सम्बन्धी कार्य ।
- इजाजत पत्रको अद्यावधिक लगत राख्ने ।
- निर्माण व्यसायी कोष सम्बन्धी कार्य गर्ने ।
- निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति सम्वन्धी कार्य गर्ने ।
- निर्माण व्यवसाय सम्बन्धी संघ संस्था संग सम्पर्क एवं समन्वय गर्ने ।

३. <u>योजना अनुगमन तथा मूल्यांकन महाशाखाः</u>

- विकास आयोजना, तर्जुमा, कार्यन्वयन, मुल्यांकन सम्बन्धी कार्य गर्ने ।
- विकास सम्वन्धी नीति तर्जुमा गर्ने ।
- विकास आयोजनाहरुको प्रगति समिक्षा गर्ने ।
- आयोजनाहरुको निरीक्षण गर्ने ।
- क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- बैदेशिक सहयोगबाट संचालित आयोजना सम्बन्धमा गुणस्तर तथा बैदेशिक सहयोग महाशाखासंग समन्वय गर्ने
- सामयिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने ।
- वातावरण संरक्षण, लैङ्गिक, सामाजिक समावेशीकरण र संघ संस्था सम्बन्धी कार्यको समन्वय गर्ने ।
- मन्त्रालयको प्रवक्ता र सूचना अधिकारी सम्वन्धी काम गर्ने ।
- विपत्त व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।
- आयोजना कार्यन्वयनको निरीक्षण गर्ने ।
- आयोजनाहरुको अनुगमन गर्ने ।
- विकास आयोजनाहरुको प्रगति समिक्षा गर्न सहयोग गर्ने ।
- मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- मन्त्रालयको प्रगति विवरण प्रकाशन गर्ने ।
- सहायक सूचना अधिकारी तथा सहायक प्रवक्ता सम्वन्धी कार्य गर्ने ।

<u>क) योजना शाखाः</u>

- विकास सम्बन्धी नीति निर्धारणमा सयहोग गर्ने ।
- विकास आयोजना तर्जुमा गर्न सघाउने ।
- योजना स्वीकृतार्थ पेश गर्ने ।
- क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।
- योजनाको दुरुस्त अभिलेख राख्ने ।

<u>ख) अनुगमन तथा मूल्याङ्कन शाखाः</u>

- आयोजना कार्यान्वयनको निरिक्षण गर्ने ।

- आयोजनाहरुको अनुगमन गर्ने ।
- विकास आयोजनाहरुको प्रगति समीक्षा गर्न सहयोग गर्ने ।
- मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- मन्त्रालयको प्रगति प्रतिवेदन प्रकाशन गर्ने ।
- सहायक सूचना अधिकारी तथा सहायक प्रवक्ता सम्बन्धी कार्य गर्ने ।
- सुशासन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

ग) वातावरण तथा सामाजिक शाखा:

- वातावरण संरक्षण सम्बन्धी नीति योजना तर्जुमा गर्ने ।
- सामाजिक लैङ्गिक समावेशीकरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।
- वातावरण सम्बन्धी संघ संस्थाहरुसँग सम्पर्क र समन्वय गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि कार्य गर्ने ।
- विपद् व्यवस्थापन सम्वन्धी कार्यमा सहयोग गर्ने ।
- वातावरण संरक्षण लैङ्गिक समावेशीकरण तथा विपद् व्यवस्थापन विषय अन्तर्गत तथा अन्य निकायहरुसँग समन्वय गर्ने ।

४. पूर्वाधार निर्माण तथा यातायात महाशाखा

- स्थल, जल, रेलवे तथा यातायात व्यवस्था सम्बन्धी आयोजनाहरु सम्बन्धित निकाय तथा महाशाखाहरुसँग समन्वय गरी आयोजनाको निर्माणमा आवश्यक समन्वयन गर्ने/गराउने ।
- मन्त्रालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्राविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तर बारे Feedback लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने/गराउने ।
- नेपाल ईन्जिनियरिङ कन्सल्टेन्सि सर्भिसेज, नेशनल कन्स्ट्रक्शन कम्पनी तथा नेपाल मल्टीमोडल ट्रान्जीट र ट्रेड विकास समिति सम्वन्धी आवश्यक समन्वय गर्ने गराउने ।
- आवश्यकता अनुसार ऐन नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नको लागि राय प्रतिक्रिया पेश गर्ने ।
- नेपाल इन्जिनियरिङ काउन्सिल तथा नेपाल इन्जिनियरङ्ग एसोसियसन सम्बन्धी सम्पर्क समन्वय गर्ने

क) यातायात व्यवस्था शाखा:

- यातायात सेवा तथा परिवहन व्यवस्थापन तथा संचालन सम्बन्धमा नीति तथा योजना सम्बन्धी कार्यहरु गर्ने ।
- यातायत व्यवस्था सम्बन्धी निकाय र संस्थाहरु संगको संपर्क र समन्वय गर्ने ।
- यातायात सेवा व्यवस्थापन सम्वन्धमा अनुगमन र निरीक्षण गर्ने ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

- स्थलमार्गमा चल्ने सवारी साधनको अभिलेख व्यवस्थापन गर्ने ।
- वातावरण मैत्री सवारी साधन सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने ।
- सवारी प्रदुषण र प्राविधिक पक्षमा सुधार सम्बन्धी कार्य गर्ने ।
- छिमेकी राष्ट्रहरुसँगको यातायात सेवा सम्बन्धी ।

ख) सडक तथा जल यातायात शाखा:

- स्थलमार्ग, जलमार्ग र रेल निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धानमा समन्वय गर्ने ।
- नेपाल ईन्जिनियरिङ परिषद् सम्बन्धी कार्य गर्ने ।
- मल्टीमोडल ट्रान्जिट सम्बन्धित विषयमा माथिल्लो निकायसंग सहयोग लिइ कार्य सम्पादन गर्ने ।

ग) रेल्वे व्यवस्था शाखा:

- रेलमार्ग निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धान समन्वय गर्ने ।
- रेलमार्ग सम्बन्धी निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने ।
- आवश्यकता अनुसार रेलमार्ग निर्माण तथा सञ्चालन सम्बन्धी ऐन, नियम तर्जुमा र हेरफेर सम्बन्धी कार्य गर्ने ।
- रेलमार्ग सम्बन्धी आयोजनाहरुको पहिचान सम्वन्धी कार्य गर्ने ।
- रेल सञ्चालनको अनुगमन तथा नियमन गर्ने ।

घ) भौतिक पूर्वाधार तथा यातयात मन्त्रालयबाट प्रदान गरिने सेवा

- स्थलमार्ग, जलमार्ग, तथा रेल्वेको निर्माण र विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।
- सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत संभार एवं संरक्षण सम्बन्धी काम गर्ने ।
- विभिन्न स्थलमार्ग र जलमार्गहरुको निर्माण सम्बन्धी कार्य गर्ने ।
- भौतिक योजना क्षेत्रहरुका अन्तराष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोग सम्बन्धी कार्य गर्ने ।
- स्थलमार्ग तथा जलमार्गको निर्माणसँग सम्बन्धित अन्तराष्ट्रिय संघ संस्थाहरुको सम्पर्क सम्बन्धी कार्य गर्ने ।
- नेपाल इन्जिनियरिङ सेवाको हाईवे उपसमूह, सम्बन्धी नियुक्ति, सरुवा, बढुवा शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यता निर्धारण तथा विभागीय कारवाही आदि सम्बन्धी कार्य गर्ने ।

ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

भौतिक पूर्वधार तथा यातायात मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका महाशाखा र शाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा र शाखामा जिम्मेवार कर्मचारीहरुको विविरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | महाशाखा/शाखा | पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | प्रशासन | सहसचिव | रघुराम विष्ट |
| | • कर्मचारी प्रशासन शाखा | उपसचिव | सोमराज बराल |
| | • आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | भिम बहादुर बुढा |
| | • आर्थिक प्रशासन शाखा | उपसचिव | दिल कुमार खड्का |
| | • कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | राजेश कुमार थापा |
| २. | पूर्वाधार निर्माण तथा यातायात महाशाखा | सहसचिव | उमेश बिन्दु श्रेष्ठ |
| | • यातायात व्यवस्था शाखा | सि.डि.ई. | सुरेश श्रेष्ठ |
| | • सडक तथा जलयातायात शाखा | सि.डि.ई. | धर्मेन्द्र कुमार झा |
| | • रेल्वे व्यवस्था शाखा | सि.डि.ई. | |
| ३. | योजना, अनुगमन तथा मूल्यांकन महाशाखा | सहसचिव | भिमार्जुन अधिकारी |
| | • योजना शाखा | सि.डि.ई. | आरती साह |
| | • अनुगमन तथा मूल्यांकन शाखा | उपसचिव | विनोद कुमार खड्का |
| | • वातावरण तथा सामाजिक शाखा | सि.डि.ई. | मनिष कुमार साह |
| ४. | विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा | सहसचिव | अर्जुन जंग थापा |
| | • विकास सहायत समन्वय तथा गुणस्तर शाखा | सि.डि.ई. | सुनिल बाबु पन्त |
| | • निर्माण व्यवसाय प्रवर्द्धन शाखा | उपसचिव | चन्द्र बहादुर थापा |

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर :

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानुनले तोके बमोजिम दस्तुर

२) सेवा प्राप्त गर्न लाग्ने अवधि :

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य कानूनले अवधि तोकेकोमा सोही बमोजिम

छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस मन्त्रालयमा प्राप्त उजुरी तथा निवेदनहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने ।

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी : सचिव श्री केशव कुमार शर्मा

झ) सम्पादन गरेका मुख्य मुख्य कामको विवरण :

१) प्रशासन महाशाखाबाट

- सूचना अधिकारी तोकी वेबसाइटमा विवरण राखिएको ।
- मन्त्रालयको प्रवक्ता तोकी वेबसाइटमा विवरण राखिएको ।
- मन्त्रालयको उद्देश्य, काम, कर्तव्य र अधिकार, मुख्य कार्यहरु, संगठन संरचना तथा कर्मचारीहरुको विवरण वेबसाइटबाट प्रकाशन गरिएको ।
- विभिन्न निकायहरुबाट माग भए बमोजिम सम्बन्धित विषयका लागि Focal Person तोकिएको ।
- मन्त्रालय र मातहत निकायबाट सञ्चालन हुने आयोजनाका लागि आवश्यक सालबसाली रुपमा अस्थायी दरबन्दी स्वीकृति गरेको ।
- मन्त्रालयमा वार्षिक रुपमा आवश्यक स्टेशनरी लगायतका सरसामानको वार्षिक खरिद योजना तयार गरेको ।

२) योजना, अनुगमन तथा मूल्यांकन महाशाखाबाट

- आ.व. २०८०/८१ को वार्षिक विकास कार्यक्रम (रातो किताब) प्रकाशन गरेको ।
- आ.व. २०८०/८१ को वार्षिक कार्ययोजना तयार गरेको ।
- आ.व. २०८०/०८१-२०८२/०८३ को मध्यकालीन खर्च संरचना (MTEF) तयारी गरेको ।
- आ.व. २०८०/०८१ को मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको मन्त्रालयगत मस्यौदा तयारी गरेको ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सूचना माग गर्ने ३ जना निवेदकलाई सूचना उपलब्ध गराएको ।

- IEE/BES को २८ वटा TOR र २६ वटा प्रतिवेदन स्वीकृत गरेको

३) पूर्वाधार निर्माण तथा यांतायात महाशाखाबाट

- मिति २०८०/०३/१७ देखि २०८०/०३/२१ सम्म राष्ट्रिय सडक सुरक्षा परिषद् अन्तरगत Training on Road Safety Audit शिर्षकमा ३० जना इन्जिनियरहरुलाई तालिम प्रदान गरेको ।
- मिति २०८०/०३/२७ मा नेपाल सरकारको ५० प्रतिशत र नेपाल इन्जिनियरिङ परिषद्को ५० प्रतिशत लगानीमा २० आना जग्गामा निर्माण भएको नेपाल इन्जिनियरिङ परिषद्को भवनको उद्घाटन भएको ।
- मिति २०८०/०२/१८ मा नेपाल कस्टम यार्ड र बथनाहा भारतबीच संचालन हुने कार्गो ट्रेनको उद्घाटन भएको ।
- मिति २०८०/०३/३१ मा बिजलपुराबाट भारत बिहार राज्यको जयनगरसम्म ब्रोड गज रेल उद्घाटन भई संचालनमा आएको ।

४) विकास सहायता समन्वय तथा गुणस्तर महाशाखाबाट

- २०८० वैशाख ७-८ (April 20-21, 2023) मा नेपाल-भारत अन्तरदेशीय रेल्वे सम्बन्धी छैठौं Joint Working Group (JWG) र Project Steering Committee (PSC) को बैठक सम्पन्न भई माइन्युटमा हस्ताक्षर भएको ।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार बथनाहा, भारतदेखि नेपाल कस्टम यार्ड (NYC) रेलको Standard Operating Procedure (SOP) मा मिति २०८० श्रावण १४ (July 30, 2023) मा हस्ताक्षर गर्ने काम सम्पन्न भएको ।

ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :

सूचना अधिकारीको नाम : विनोद कुमार खड्का
पद : उपसचिव
कार्यालय प्रमुखको नाम : केशव कुमार शर्मा
पद : सचिव

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१) ऐनको सूचि

| क.सं. | ऐन |
|---|---|
| १. | नेपाल रेल्वे ऐन, २०७९ |
| २. | शहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ |
| ३. | नेपालको व्यापारिक पानीजहाजको झण्डा सम्बन्धी ऐन, २०७९ |
| ४. | पानी जहाज दर्ता ऐन, २०२७ |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

| | |
|---|---|
| ५. | नेपाल पानीजहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ |
| ६. | जग्गा प्राप्ति ऐन, २०३४ |
| ७. | सार्वजनिक सडक ऐन, २०३१ |
| ८. | नेपाल इन्जिनियरिंग परिषद ऐन, २०५५ |
| ९. | निजामती सेवा ऐन, २०४९ |
| १०. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ |
| ११. | विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ |
| १२. | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ |
| १३. | सडक बोर्ड ऐन, २०५८ |
| १४. | सूचनाको हक सम्वन्धी ऐन, २०६४ |
| १५. | वातावरण संरक्षण ऐन, २०७६ |
| १६. | सवारी तथा यातायात व्यवस्था ऐन २०४९ |
| १७. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ |
| १८. | सार्वजनिक खरिद ऐन, २०६३ |

२) नियमावलीको सूचि

| क्र.सं. | नियमावली |
|---|---|
| १. | सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ |
| २. | विद्युतीय कारोबार नियमावली, २०६४ |
| ३. | वातावरण संरक्षण नियमावली, २०७७ |
| ४. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ |
| ५. | नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ |
| ६. | सार्वजनिक खरिद नियमावली, २०६४ |
| ७. | सूचनाको हक सम्बन्धी नियमावली, २०६५ |
| ८. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ |
| ९. | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ |
| १०. | नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ |
| ११. | निजामती सेवा नियमावली, २०५० |

३) निर्देशिका र मापदण्डको सूचि

| क्र.सं. | निर्देशिका/मापदण्ड |
|---|---|
| १. | सवारी चालकअनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ |
| २. | सवारी धुलाई मापदण्ड, २०७७ |

| | |
|---|---|
| ३. | नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७७ |
| ४. | वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ |
| ५. | राष्ट्रिय यातायात नीति, २०५८ |
| ६. | सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ |
| ७. | मालवाहक सवारीको भारवहन नियमन निर्देशिका, २०७४ |
| ८. | बाटो निर्धारण निर्देशिका, २०७४ |
| ९. | सवारीचालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ |
| १०. | कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०७४ |

ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (२०८० वैशाख १ गतेदेखि असार मसान्तसम्म)

| क्र.सं. | बजेट उपशीर्षक | बजेट (रु हजारमा) | | | खर्च (रु हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १२६४९१ | ३४२०० | १६०६९१ | ३४००४ | १३४६ | ३५३५० | २६.८८ | ३.९३ | २१.९९ |